# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०९/१८ गते

## प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला प्राविधिक कार्यालय, सिरहामा कार्यरत इन्जिनियर रामबहादुर यादवले निर्माण व्यवसाय अनुमति-पत्र बनाउनको लागि सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निज इन्जिनियर रामबहादुर यादवलाई घुस बापतको रु.८,०००/- (आठ हजार) लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.८,०००/- (आठ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता